*संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत मिति* २०७२।१२।

## कम उचाइका हिमालचुलीको आरोहण अनुमति प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७२

नेपालको पर्वतीय पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने प्रयोजनका लागि कम उचाइका हिमालचुलीहरूको आरोहण अनुमति सम्बन्धी ब्यबस्थालाई सहज र सरलीकृत गर्न आवश्यक देखिएकाले पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ तथा नेपाल सरकारबाट भएका निर्णयहरुका आधारमा यो निर्देशिका बनाई जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस निर्देशिकाको नाम "कम उचाइका हिमालचुलीको आरोहण अनुमति प्रदान गर्नेसम्बन्धी निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा–

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ ।

(ख) "बिभाग" भन्नाले पर्यटन बिभाग सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले पर्यटन ऐन, २०३५ सम्झनुपर्छ ।

(घ) "नियमावली" भन्नाले पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ सम्झनुपर्छ ।

(ङ) "आरोहणयोग्य हिमालचुली" भन्नाले पर्यटन उद्योग सेवाप्रवाह निर्देशिका, २०७० को अनुसूची-१ मा उल्लिखित नेपाल सरकारले आरोहणका लागि खुला गरेका हिमालचुली सम्झनुपर्छ ।

(च) "कम उचाइका हिमालचुली" भन्नाले आरोहणयोग्य हिमालचुलीमध्ये ६,५०० मीटरभन्दा कम उचाइ भएका हिमालचुली सम्झनुपर्छ ।

(छ) "महानिर्देशक" भन्नाले पर्यटन बिभागका महानिर्देशक सम्झनुपर्छ र सो शव्दले बिभागीय प्रमुखको हैसियतमा कार्य गर्न तोकिएको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(ज) "इजाजतपत्र" भन्नाले ट्राभल तथा ट्रेकिङ एजेन्सी नियमावली, २०६२ को नियम ४ बमोजिम दिइएको इजाजतपत्र सम्झनुपर्छ ।

(झ) "ट्रेकिङ एजेन्सी" भन्नाले जनुसुकै नामबाट सञ्चालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ ।



सचिव

(ञ) "पर्वतारोहण" भन्नाले नेपाली हिमश्रृंखलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य सम्झनुपर्छ ।

(ट) "प्रथपर्दशक" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथप्रदर्शनको लागि काम गर्ने पर्यटन ऐन, २०३५ को दफा ३९ बमोजिम इजाजतप्राप्त व्यक्ति सम्झनुपर्छ ।

३. **पर्वतारोहणको लागि अनुमति लिनुपर्नेः** (१) इच्छुक आरोहण दलले इजाजतप्राप्त ट्रेकिङ वा एक्सपीडिसन एजेन्सीमार्फत पर्यटन उद्योग सेवाप्रवाह निर्देशिका, २०७० को अनुसूची-२ बमोजिमको ढाँचामा पर्यटन बिभागमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा देहाय बमोजिमको विवरण खुलाइएको हुनपर्नेछ :-

(क) आरोहणदलका नेताको उपदफा (१) बमोजिमको ढाँचामा निवेदन,

(ख) ट्रेकिङ एजेन्सी नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) दलका नेता तथा सदस्यहरूको एक एकप्रति फोटोसहितको छुट्टाछुट्टै वायोडाटा,

(घ) दलका नेता तथा सदस्यहरुको एक एकप्रति पासपोर्टको फोटोकपी,

(ङ) आरोहण गर्न खोजेको हिमालचुलीको आरोहणमार्ग, यात्रामार्ग स्पष्ट अंकित भएको नक्सा र फोटो एक एकप्रति,

(च) आरोहणदलसँग सम्बद्ध कामदारको देहाय बमोजिमको व्यक्तिगत दुर्घटना वीमा गराएको कागजातः-

(१) सरदार,पर्वतीय पथप्रदर्शक तथा उचाइमा जाने कामदार प्रत्येकका लागि कम्तीमा पन्ध्रलाख रुपैयाँ,

(२) आधार शिविरका कामदार प्रत्येकका लागि कम्तीमा आठलाख रुपैयाँ,

(३) स्थानीय कामदार प्रत्येकका लागि कम्तीमा पाँचलाख रुपैयाँ ।

(छ) मृत शरीरको उद्धार (Repatriation of remains in Nepal) लाई समेत समेट्ने गरी गरिएको कम्तीमा अमेरिकी डलर चार हजार बराबरको खोजी तथा उद्धार बीमा (Search and Rescue Insurance) गराएको कागजात,

(ज) हिमाली भेगमा जाने सरदार, पर्वतीय पथप्रदर्शक र उचाइका कामदार प्रत्येकको औषधोपचार बापत कम्तीमा तीनलाख रुपैयाँको र स्थानीय कामदारको हकमा कम्तीमा दुईलाख रुपैयाँको बीमा गराएको कागजात ।



प्रेम कुमार राई
सचिव

४. **अन्य व्यवस्था:** (१) पर्यटन उद्योग सेवाप्रवाह निर्देशिका, २०७० को दफा ५ को उपदफा (२) को खण्ड (त) मा उल्लिखित आवश्यक जानकारी दिने लिने **(Briefing)** सम्बन्धी कार्य सम्बन्धित एजेन्सीले नै गर्ने गरी बिभागले निर्देशन दिन सक्नेछ । तर आरोहण अभियान समाप्त भएपछि बिभागमा दलले दिनुपर्ने जानकारी (Debriefing) को कार्यमा दलका नेता वा निजले तोकेको दलको सदस्य अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ ।

(२) पर्वतारोहण सम्बन्धी अन्य व्यबस्था ऐन, नियमावली र पर्यटन उद्योग सेवाप्रवाह निर्देशिका, २०७० बमोजिम हुनेछ ।

६. **बाधा अड्काउ फुकाउने अधिकार:-** यो निर्देशिका कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने अधिकार नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा रहनेछ ।

७. **बाझिएमा गर्ने:** यस निर्देशिकामा उल्लिखित कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

प्रेम कुमार राई
सचिव